पत्रोत्तरमा पत्र संख्या मिति उल्लेखित हुन अपेक्षित छ ।

नेपाल सरकार

# वन तथा भू-संरक्षण मन्त्रालय

EX: पो.ब.नं. :३९८७
सिंहदरबार, काठमाण्डौ

योजना महाशाखा

पत्र संख्या:- ०७४/७५
चलानी नं.:- योजना/१९२
प्राप्त पत्र संख्या र मितिः-

विषयः सामुदायिक वन अभियन्ता घोषणा तथा सम्मान वितरण कार्यविधि,२०७४ स्वीकृति सम्बन्धमा ।

श्री वन विभाग
बबरमहल, काठमाण्डौं ।

प्रस्तुत विषयमा तहाँ विभागबाट आवश्यक सुधार गरी मिति २०७४/१०/०९ को टिप्पणीसाथ पेस हुन आएको सामुदायिक वन अभियन्ता घोषणा तथा सम्मान वितरण कार्यविधि,२०७४ नेपाल सरकार (मा. मन्त्रीस्तर) को मिति २०७४/१०/१४ को निर्णयबाट स्वीकृत भएको हुँदा आवश्यक कार्यान्वयनको लागी स्वीकृत कार्यविधि यसैसाथ पठाएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

(रबिन कुमार ग्यालन)
स.योजना अधिकृत

श्री सामुदायिक वन महाशाखा

सरकार
संरक्षण मन्त्रालय
काठमाडौं

३.५ सामुदायिक वन महाशाखाले सिफारिस पठाउने समय सिमा तोकी पौष मसान्त भित्रै जिल्ला हरु वाट बुदा न ३.४ बमोजिमको सिफारिस माग गर्न पत्राचार गर्नु पर्ने छ ।

३.६ बुदा नं ३.१ देखि ३.४ का अतिरिक्त सामुदायिक वन महाशाखाले आफ्नै पहल र अग्रसरतामा बुदा न २.१.१ र २.१.२ अनुरुप हुने गरि सामुदायिक वन अभियन्ता पहिचान गर्न संभावित अभियन्ताहरुको व्याक्तिगत विवरण सहितको अभिलेख विभिन्न स्रोतवाट प्राप्त गरि महाशाखामा राख्न सक्नेछ र बुदा न ३.७ बमोजिमको कार्य गर्न उक्त अभिलेख वाट सामुदायिक वन महाशाखाका सामुदायिक वन विकास अधिकृतले सिफारिस र आपनो राय सहित बुदा नं २.१.१ र २.१.२ अनुरुप हुने गरि सामुदायिक वन अभियन्ता पहिचान गर्न सिफारिस गर्ने छन ।

३.७ बुदा न ३.३ र ३.६बमोजिम प्राप्त सिफारिस हरुमध्ये वाट बुदा नं २.१.१ र २.१.२ अनुरुपहुने गरि सामुदायिक वन अभियन्ता पहिचान गर्न पाचजना सदस्य रहेको निम्न बमोजिमको एक सिफारिस समिति वन विभागले गठन गर्ने छ ।

<u>सिफारिस समिति</u>

- संयोजक – प्रमुख, सामुदायिक वन महाशाखा
- सदस्य (६जना) – सेवा निवृत वन प्राविधिक एव सरकारी तथा गैर सरकारी क्षेत्र कों प्रतिनिधित्व हुने गरि वन विभागका महानिर्देशक ले तोके बमोजिमका ४(चार)जना व्यक्तिहरु
- सदस्य (१जना)– उपसचिव, योजना महाशाखा, वन तथा भू संरक्षण मन्त्रालय
- सदस्य सचिव– वन विकास अधिकृत , सामुदायिक वन महाशाखा

३.८ <u>सिफारिस समितिको काम र सचिवालय:</u> यो समितिले बुदा नं ५ मा उल्लेखित छनौट मापदण्डका आधारमा बुदा न २.१.१ र २.१.२ बमोजिमका दुई जना सामुदायिक वन अभियन्ताको नाम वन विभाग ,सामुदायिक वन महाशाखा समक्ष सिफारिस गर्नेछ । सिफारिस समितिको सचिवालय सामुदायिक वन महाशाखामा रहनेछ ।

४. सामुदायिक वन अभियन्ताको अन्तिम छनौट एवं घोषणा

बुदा न ३.७ बमोजिम प्राप्त सिफारिस मध्ये बुदा न २.१.१ र २.१.२ बमोजिम हुने गरी दुई जना सामुदायिक वन अभियन्ताको छनौट विभागीय निर्णयका साथ वन विभागका महानिर्देशक वाट गरी उक्त निर्णयको अनुमोदनका लागि वन तथा भू संरक्षण मन्त्रालयमा पठाउनु पर्नेछ ।

५. सामुदायिक वन अभियन्ताको छनौट का आधार र सुचकहरु

| सामुदायिक वन अभियन्ताको छनौट का आधार | सुचकहरु तयार गर्दा समेटिनु पर्ने विषयवस्तु | अंकभार |
| --- | --- | --- |
| सामाजिक प्रतिष्ठा | हाल सम्मप्राप्त पुरस्कारहरुको संख्या र प्रकार | २० |
| समुदायमा आधारित वन व्यवस्थापनको काममा योगदान | सरकारी तथा गैरसरकारी निकाय, वन समुह, वन उद्यममा जिम्मेवार र जवाफदेहि पदमा सेवारत रहेको सेवा अवधि | २० |
| जिल्ला वन अधिकृत वा तथा सामुदायिक वन महाशाखाको वन विकास अधिकृतको राय | जिल्ला वन अधिकृत वा सामुदायिक वन महाशाखाको वन विकास अधिकृतले अभियन्ता घोषणा गर्न उल्लेख गरेको कारण | २० |
| सार्वजनिक सेवाको पदमा संलग्नता | सेवा गरेको पद, समय र क्षेत्र | २० |
| निरन्तरता | हाल क्रियाशील रहेको अवस्था | २० |
| जम्मा अंक भार | | १०० |

६. अभियन्ता को प्रमाण पत्र वितरण तथा संमान

अभियन्ताको सम्मान तथा प्रमाणपत्र सामुदायिक वन दिवस अथवा वन तथा भू संरक्षण मन्त्रालय मातहतका निकायले आयोजना गर्ने सार्वजनिक समारोहमा वितरण गरिने छ।

७. कार्यविधिको कार्यान्वयन

यो कार्यविधि नेपाल सरकार (सचिवस्तर) वन तथा भू-संरक्षण मन्त्रालय वाट स्वीकृत भएको मितिवाट कार्यान्वयन हुनेछ। कार्यविधि अनुरुपको कार्य सम्पन्नगर्न वन विभाग सामुदायिक वन महाशाखाले आवश्यक वजेट वार्षिक कार्यक्रममा विनियोजन गर्नु पर्ने छ।

८.कार्यविधि कार्यान्वयन तालिका

| सि.न | कार्यप्रकृया | जिम्मेवारि | कार्य सम्पनगनु पर्ने महिना | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | बैशाख | जेठ | असार | साउन | भदौ | आश्विन | कार्तिक | मंसिर | पुष | माघ | फाल्गुन | चैत्र | |
| १. | संभाव्य सामुदायिक वन अभियन्ताहरुको व्यक्तिगत विवरण संकलनका लागि सुचना तथा प्रचार प्रसार | जिल्ला वन कार्यालय<br>सामुदायिक वन महाशाखा | | | | | ■ | ■ | ■ | ■ | ■ | | | | |
| २ | व्यक्तिगत विवरणको प्रामाणिकता परिक्षण र अभिलेखिकरण | जिल्ला वन कार्यालय<br>सामुदायिक वन महाशाखा | | | | | | | | | ■ | ■ | | | |
| ३ | जिल्ला वन कार्यालय वाट प्रारम्भिक चरण को छनौट र सिफारिस | जिल्ला वन अधिकृत र निजको संयोजकत्वमा गठित ३ सदस्यिय समिति | | | | | | | | | | | ■ | ■ | |
| ४ | सामुदायिक वन महाशाखा , अर्न्तेगत सामुदायिक वन शाखा वाट प्रारम्भिक चरण को छनौट र सिफारिस | उपसचिव, सामुदायिक वन महाशाखा , अर्न्तेगत सामुदायिक वन शाखा | | | | | | | | | | | ■ | ■ | |
| ५ | पाच सदस्यीय सामुदायिक वन अभियन्ता पहिचान सिफारिस समिति गठन र सचिवालय स्थापना | महानिर्देशक वन विभाग ,<br>सामुदायिक वन महाशाखा | ■ | | | | | | | | | | | | |
| ६ | सामुदायिक वन अभियन्ता पहिचान सिफारिस समितिवाट विवरण संकलन | सचिवालय | ■ | | | | | | | | | | | | |
| ७ | सामुदायिक वन अभियन्ताको सिफारिस | सामुदायिक वन अभियन्ता पहिचान सिफारिस समिति | | ■ | | | | | | | | | | | |
| ८ | सामुदायिक वन अभियन्ताको निर्णय | महानिर्देशक, वनविभाग | | | ■ | | | | | | | | | | |
| ९ | सामुदायिक वन अभियन्ताको निर्णय को अनुमोदन | सचिव, वन तथा भू संरक्षण मन्त्रालय | | | ■ | | | | | | | | | | |
| १० | सामुदायिक वन अभियन्ता को संमान र प्रमाण पत्र वितरण समारोह आयोजना | सामुदायिक वन महाशाखा | | | | ■ | | | | | | | | | |

नेपाल सरकार
वन तथा भू-संरक्षण मन्त्रालय
सिंहदरबार, काठमाडौं

# सामुदायिक वन अभियन्ता घोषणा तथा सम्मान वितरण कार्यविधि, २०७४

## १. पृष्ठभूमि

वनको संरक्षण र विकास गर्न वनतथा भू-संरक्षण मन्त्रालयको च न १२० मिति २०३०/४/२५गतेको पत्रवाट सरकारी वन पहिलो पटक परीक्षणकालको रुपमा २ वर्षको लागि सिन्धुपाल्चोक जिल्लाको तात्कालीन ठोकर्पा गाउँ पञ्चायतलाई हस्तान्तरण भए पश्चात नेपालमा सामुदायिक वनको अभियान सुरु भएको मानिएको छ । वन संरक्षण तथा विकासमा जनसहभागितालाई संस्थागत गर्न राष्ट्रिय वन योजना २०३३ ले सामुदायिक वन विकास कार्यक्रमको थालनी गर्नुपर्ने नीतिहरुको प्रस्ताव गर्‍यो । यो योजनाले निर्देश गरे अनुसार जनसहभागिताबाट वन व्यवस्थापन गर्ने उद्देश्यले वन ऐन २०१८ लाई २०३४ मा संशोधन गरी पंचायती वन नियमावली-२०३५ र पंचायत संरक्षित वन नियमावली- २०३५ जारी गरी सामुदायिक वनको रुपमा पंचायती वन तथा पंचायत संरक्षित वन को अवधारणा कार्यान्वयन भएको थियो जस्लाई  पछि २०४७ सालमा मन्त्रिपरिषदको निर्णयवाट  सामुदायिक वन भनी नाम परिवर्तन गरियो । वन ऐन-२०४९ तथा नियमावली-२०५१ कार्यान्वयनमा आए पश्चात ऐन अनुसार गठित स्थानीय उपभोक्ता समूहलाई उक्त समूहले परम्परागत रुपमा प्रयोग गरेको राष्ट्रिय वन स्वीकृत कार्ययोजना अनुसार संरक्षण तथा व्यवस्थापन गर्न सामुदायिक वनको रुपमा हस्तान्तरण गर्ने पद्दति संस्थागत भयो । देशभर हालसम्म १९,९१६ सामुदायिक वनहरुका माध्यमवाट १८,७९,९९८ हेक्टर राष्ट्रिय वन सामुदायिक वनका रुपमा संरक्षित र व्यवस्थित भईराखेको छ। यसमा २५,४६,७६० स्थानीय उपभोक्ता घरधुरीलाई  संलग्न भएको पछिल्लो तथ्याङ्कले देखाउछ। जनसहभागिता लाई संस्थागत गरेको सामुदायिक वनविकास कार्यक्रमले स्वदेश तथा विदेशमा लोकप्रिय र सफल कार्यक्रमको रुपमा ख्याति कमाएको छ ।

सामुदायिक वनको सफलता सँगै यसको अवधारणा विकास गर्ने व्यक्तित्वहरुलाई क्रमिक रुपमा पहिचान गरि सामुदायिक वन अभियन्ताको रुपमा सम्मान गर्ने कार्यको थालनी वन तथा भुसंरक्षण मन्त्रालयले आ.व. २०७२।७३ देखि शुरु गरेकोमा यस प्रकृयालाई कार्यविधि वनाई व्यवस्थित रुपमा अगाडि वढाउन मिति २०७४/४/१६ मा निर्णय गरि च.न.१४ २०७४/४/२० को पत्रवाट यस वन विभागलाई निर्देश गरे अनुरुप यो सामुदायिक वन अभियन्ता घोषणा तथा सम्मान वितरण कार्यविधि, २०७४ निर्माण गरिएको हो ।

२. सामुदायिक वन अभियन्ताको पहिचान र संमानको स्वरुप

२.१ समुदायमा आधारित वन व्यवस्थापन प्रणालीको विकास र प्रवर्धनमा उल्लेखनिय योगदान गरेका निम्न क्षेत्रका २ (दुई) व्यक्तित्वहरुलाई सामुदायिक वन अभियन्ता पहिचानको प्रमाण-पत्र वन तथा भू-संरक्षण मन्त्रालयले वन विभाग मार्फत सार्वजनिक समारोहको आयोजना गरि उपलब्ध गराउने छ।

२.१.१ सरकारी सेवामा संवारत वा सेवानिवृत वन प्राविधिकहरुको तर्फवाट १(एक) जना

२.१.२ नागरिक समाज, कृषक, वन उपभोक्ता समूह, गैर सरकारी क्षेत्रका तथा नीतिगत पैरवि कर्ताहरुको तर्फवाट १(एक) जना

२.२ पहिचान गरी सम्मानित गरिएका सामुदायिक वन अभियन्ताहरुलाई वन विभाग र अर्न्तगतका कार्यालयहरुले आयोजना गर्ने सार्वजनिक समारोहमा सम्मान स्वरुप वन विभाग र अर्न्तगतका कार्यालयहरुले सामुदायिक वन अभियन्ता को रुपमा आमन्त्रण गर्ने छन।

२.३ वन विकास सम्वन्धि नीति निर्माण तथा कार्यान्वयनका प्रकृयामा सभवभए सम्म सामुदायिक वन अभियन्ताहरुको राय, सुझाव तथा सल्लाह वन मन्त्रालय र यस मातहतका निकायहरुले प्राप्त गर्न पहल गर्ने छन।

३. सामुदायिक वन अभियन्ताको छनौट तथा घोषणा विधि

३.१ सवै जिल्ला वन कार्यालयहरुले आफ्नो जिल्लामा समुदायमा आधारित वन व्यवस्थापन प्रणालीको विकास र प्रवर्धनमा उल्लेखनिय योगदान गरेका व्यक्तिको व्यक्तिगत विवरण सहितको उल्लेखनीय कार्यको अभिलेख राखी हरेक वर्ष जेष्ठ मसान्त सम्म अद्यावधिक गरि राख्नु पर्ने छ।

३.२ बुदा नं ३.१ वमोजिम को विवरण व्यक्तिगत तथा संस्थागत रुपमा उपलब्ध गराउन जिल्ला वन कार्यालयले जिल्ला स्थित सरोकारवाला संघ संस्था निकाय र व्यक्तिहरुलाई पौष मसान्त सम्म पत्राचार गरी अथवा सार्वजनिक सूचनाका माध्यमले अनुरोध गर्नु पर्ने छ।

३.३ बुदा नं ३.१ र बुदा नं ३.२ वाट संकलित विवरणहरुको प्रामाणिकता परिक्षण गरि जिल्ला वन कार्यालय ले सो को अद्यावधिक अभिलेख वनाई राख्नु पर्ने छ।

३.४ बुदा न ३.३ वमोजिम को अभिलेख वाट बुदा न २.१.१ र २.१.२ अनुरुप हुने गरि सामुदायिक वन अभियन्ता पहिचान गर्न जिल्लाको तर्फवाट सामुदायिक वन महाशाखा ववरमहलमा अभियन्ता को रुपमा समान गर्नु पर्ने राय र सिफारिस सहित को व्यक्तिगत विवरण जिल्ला वन अधिकृतले पठाउनु पर्ने छ। यसका लागि जिल्ला वन अधिकृतले आफ्नै संयोजकतत्वमा गैरसरकारि संस्थाको समेत प्रतिनिधित्व हुने गरि ३ सदस्यीय सिफारिस समिति गठन गरि सो समिति वाट आवश्यक सहयोग प्राप्त गर्न सक्नेछन।